मिति २०८३/२/२१ गते तदअनुसार ने.सं. ११४६ अनलागा चतुर्थि बिहिवार बिहान ९:३० वजे पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा नगर प्रमुख श्री महेश खरेलज्यूको अध्यक्षतामा तपशील वमोजिमका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसेको कार्यपालिकाको १६३ औं बैठकले देहायका विषयमा छलफल गरि निर्णय पारित गरियो।

<u>उपस्थिती</u>

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री महेश खरेल | नगर प्रमुख | |
| २. | श्री सुर्यमाया दनुवार | नगर उप-प्रमुख | |
| ३. | श्री पुरुषोत्तम सापकोटा | सचिव | |
| ४. | श्री सञ्जय तामाङ | नगर प्रवक्ता तथा सदस्य | |
| ५. | श्री जय बहादुर तामाङ | सदस्य | |
| ६. | श्री रामेश्वर दाहाल | सदस्य | |
| ७. | श्री सुन्दर अधिकारी | सदस्य | |
| ८. | श्री सुन्दर तामाङ | सदस्य | |
| ९. | श्री सिताराम ढुंगाना | सदस्य | |
| १०. | श्री रामशरण दुलाल | सदस्य | |
| ११. | श्री रामकृष्ण दंगाल | सदस्य | |
| १२. | श्री रामकाजी श्रेष्ठ | सदस्य | |
| १३. | श्री नारायण प्रसाद सापकोटा | सदस्य | |
| १४. | श्री हिराकाजी तामाङ | सदस्य | |
| १५. | श्री ज्ञान बहादुर दनुवार | सदस्य | |
| १६. | श्री सुकुविर तामाङ | सदस्य | |
| १७. | श्री यसोदा वसेल | सदस्य | |
| १८. | श्री सृजना परियार | सदस्य | |
| १९. | श्री सरस्वती फैजु | सदस्य | |
| २०. | श्री सुमित्रा खरेल | सदस्य | |
| २१. | श्री कल्पना ढुंगाना | सदस्य | |
| २२. | श्री माइली दनुवार | सदस्य | |
| २३. | श्री सुरेश भुजेल शिवभक्ती | सदस्य | |
| २४. | श्री बालकृष्ण रोक्का | सदस्य | |
| २५. | श्री कल्याण प्रसाद सुवेदी | शाखा अधिकृत | |

## बैठक संख्याः-१६३

## मितिः-२०८३/२/२१

## नगर कार्यपालिकाको बैठकमा निर्णयका लागि पेश भएका प्रस्तावहरु

१.गत बैठकको समिक्षा सम्बन्धमा।

२.आर्थिक सहयोग/सहायता सम्बन्धमा।

३.पुर्ण असक्त अपाङ्गता भएका व्यक्तिको हेरचाहकर्तालाई मासिकरुपमा प्रदान गरिदै आएको भत्ता सम्वन्धमा ।

४. पाँचखाल नगरपालिकाको O&M पुनरावलोकन पुर्व स्विकृत सम्वन्धमा ।

५.आ.व.२०८१/०८२ को महालेखा परिक्षकको प्रतिवेदन सम्वन्धमा ।

६.TGI Nepal Pvt.Ltd संगको साझेदारीमा सामुदायिक वन तथा सार्वजनिक जग्गामा बृक्षारोपण सम्वन्धमा

७.पाँचखाल नगरपालिकाको स्टल वितरण तथा संचालन कार्यविधि २०८१ संसोधन सम्वन्धमा ।

८.कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम आवेदन छनौट सम्वन्धमा ।

९. कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम पाँचखाल ३ आवेदन छनौट सम्वन्धमा ।

१०.वडास्तरीय कृषि यन्त्र/उपकरण वितरण कार्यक्रम

११.तेश्रो चौमासिकको आय व्यय सम्वन्धमा ।

१२.जनता मा.वि.को कक्षा कोठा मर्मत सुधार सम्वन्धमा ।

१३. ४९ कि.मि भंगेरी खा.पा. का लागी नपुग रकम थप सम्वन्धमा ।

१४. खुला व्यमशालामा विच्छ्याईएको व्लक को रकम भुक्तानि सम्वन्धमा ।

१५. सुनकोशि पाँचखाल खानेपानी उपभोक्ता समितिको खानेपानी वोर्ड गठन सम्वन्धमा ।

१६.विविध ।

**बैठक संख्या १६३**

**मिति २०८३/२/२१**

**नगरकार्यपालिका बैठकका निर्णयहरु**

**निर्णय नं. १**

गत कार्यपालिकाको बैठकबाट कार्यान्वयन गर्नुपर्ने निर्णयहरु कार्यान्वयन भइरहेको विवरण सम्बन्धित शाखाहरुबाट प्राप्त भएको हुँदा कार्यान्वयनमा खटिने सबै तह, निकाय, शाखालाई धन्यवाद दिने निर्णय गरियो।

**निर्णय नं. २**

अन्य व्यक्ती तथा संस्था सहायता शिर्षकबाट देहायका व्यक्तीहरुलाई देहाय बमोजिमको औषधी उपचार सहयोग/विपन्न सहायता उपलब्ध गराउने निर्णय गरियो।

| क्र.सं. | नाम थर | ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | सुनिल तामाङ | पा.न.पा. ११ | १००००/- | मृगौलामा समस्या |
| २ | राम शरण दनुवार | पा.न.पा. १२ | १००००/- | मानसिक रोगी |
| ३ | पार्वती सापकोटा | पा.न.पा. २ | १००००/- | पाठेघरको क्यान्सर |
| ४ | सुनिता वाइवा | पा.न.पा. २ | १००००/- | आन्द्राको क्यान्सर |
| ५ | गोपाल लाल दनुवार | पा.न.पा. ४ | १००००/- | हेड इन्जुरी |
| ६ | विष्णु बहादुर तामाङ | पा.न.पा. ८ | १००००/- | मुखको क्यान्सर |
| ७ | राम बहादुर तामाङ | पा.न.पा. ७ | १००००/- | क्यान्सर |

**निर्णय नं. ३**

मिति २०८३/१२/१५को निर्णय बमोजिम पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिको हेरचाहकर्तालाई आ.व. २०८२/८३ को स्वीकृत कार्यक्रम करुणा फाउण्डेशनको साझेदारीमा समुदायमा आधारित अपाङ्गता रोकथाम तथा पुनःस्थापना शीर्षकबाट मासिक रुपमा प्रदान गरिदै आएको रु.२,५००/- खर्च भुक्तानीलाई अनुमोदन गरी आगामी दिनहरुमा पनि सोही शीर्षकबाट भत्ता उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ४**

मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय बागमती प्रदेशको मिति २०८३/१/१४, च.नं. १७३९ को पत्रमा लेखि आए बमोजिम, संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड २०८२ को परिधी भित्र रही यस पाँचखल नगरपालिकाको मौजुदा संगठन संरचनामा पुनरावलोकन गरी पेश गर्न स्विकृत दिने निर्णय गरियो।

**निर्णय नं. ५**

आ.व. २०८१/८२ को लेखापरिक्षण गरी महालेखा परिक्षकको विभागबाट प्राप्त अन्तिम लेखा परिक्षणको परिणाम स्वीकृत/अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ६

TGI Nepal Pvt Ltd. र पाँचखाल नगरपालिको साझेदारीमा सामुदायिक बन तथा सार्वजनिक जग्गामा वृक्षरोपण गर्नको लागि भएको सम्झौता बमोजिम लामिडाँडा सामुदायिक बन, पाँचखाल-१३ र पाँचखाल-१३ मा रहेको सार्वजनिक जग्गामा वृक्षरोपणको लागि कृषि शाखाको स्वीकृत बार्षिक कार्यक्रम "सार्वजनिक जग्गा, सामुदायिक तथा कबुलियती वनहरुमा उत्पादन मूलक फलफूल जन्य, जडिबुटी जन्य तथा अन्य बिरुवा रोपण कार्यक्रम" मा विनियोजित रु १०,००,०००।- बाट TGI Nepal Pvt Ltd को Model बमोजिमको बिरुवा सामुदायिक वन तथा सार्वजनिक जग्गामा वृक्षरोपण गर्नको लागि उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७

पाँचखाल न.पा. द्वारा यस क्षेत्रमा उत्पादित कृषि उपजहरुको सङ्कलन तथा बिक्री वितरणमा सहजिकरण पुर्याउने उद्देश्यले स्टल संचालन गर्नका लागि न.पा.द्वारा **"पाँचखाल नगरपालिकाको स्टल वितरण तथा सञ्चालन कार्यविधी,२०८१"** प्रकाशन गरी सोही कार्यविधी को परिच्छेद-३ बमोजिम कृषि उपज सङ्कलन तथा वजार व्यवस्थापन समिति गठन गरीएको र सोही समिति मार्फत बजार संचालन तथा हाटबजार सम्बन्धीत कार्य भइरहेकोले कार्यविधीलाई समय अनुकुल बनाउनका लागि कार्यविधीमा तपसिल बमोजिमको दफा संसोधन तथा थप गर्ने निर्णय गरीयो।

तपसिलः

| क.सं | हाल भएको | अब हुनुपर्ने व्यवस्था | कारण |
|---|---|---|---|
| १ | परिच्छेद-१ को दफा-१ मा यो कार्यविधीको नाम "स्टल वितरण तथा सञ्चालन कार्यविधी, २०८१" रहेको । | परिच्छेद-१ को दफा-१ मा यो कार्यविधीको नाम "कृषि बजार सञ्चालन तथा व्यवस्थापन कार्यविधी २०८१" । | विगतमा स्टल संचालन मात्र उद्धेश्य भएतापनि हालको परिवेशमा कृषि उपज संङ्कलन तथा बजारीकरण कार्यमा सक्रिय रहेकाले । |
| २ | परिच्छेद-१ दफा २ (क) मा कृषि वस्तु भन्नाले कृषि तथा पशुपन्छी क्षेत्रबाट उत्पादित फलफुल, तरकारी, दुध तथा माछा लगायतका अन्य ताजा वस्तुलाई मात्र समावेश गरीएको । | परिच्छेद-१ दफा २ (क) मा कृषि वस्तु भन्नाले कृषि तथा पशुपन्छी क्षेत्रबाट उत्पादित फलफुल, तरकारी, दुध, माछा लगायतका ताजा वस्तु तथा प्रशोधित बस्तु, कृषि नर्सरी, एग्रोभेट, पशु अस्पताल र आधुनिक कृषि मेशिनरी औजार मर्मत, संभार तथा बिक्री केन्द्र । | उक्त आवेदन उपर आवश्यक कानुनी प्रकृया पुरा गरी सटर भाडामा दिन कार्यविधी परिच्छेद-१ दफा २ (क) द्वारा बाझिएको हुँदा । |
| ३ | परिच्छेद २ दफा १० (१) मा दफा ८ बमोजिम छनौट भएका आवेदकहरु रहेको । | परिच्छेद २ दफा १० (१) मा दफा ८ बमोजिम छनौट भएका आवेदकहरु वा कृषि बजार सञ्चालक तथा व्यवस्थापन समितिको गठन पश्चात समितिले सिफारिस गरेको आवेदकहरु कार्यालयले तोकेको म्याद भित्र स्टल/पसल भाडामा लिने दिने सम्बन्धी सम्झौता गर्न कार्यालयमा स्वयं उपस्थित भई सम्झौता गर्नु पर्नेछ । | मिति २०८२/०९/१७ गतेको कार्यपालिकाको निर्णय नं.-६ बमोजिम कृषि बजार सञ्चालक तथा व्यवस्थापन समितिलाई अख्तियारी प्रदान गरीसकेकाले। |

<u>समितिमा थप समावेस गर्नुपर्ने व्यवस्थाहरु:</u>

| क्र.सं | हाल भएको | अब हुनुपर्ने व्यवस्था | कारण |
|---|---|---|---|
| १ | परिच्छेद-३ दफा .२२ (२) मा बुदा नं. थ सम्म रहेको | परिच्छेद-३ दफा २२ (२) मा बुदा नं.द मा बजार विकास तथा सञ्चालनसँग सम्बन्धित भौतिक पुर्वाधारहरुको उपयोग, सञ्चालन र व्यवस्थापनका लागि आवश्यकतानुसार सार्वजनिक रुपमा प्रस्ताव आह्वान गर्ने, प्रस्तावदाताहरुको छनौट गर्ने तथा छनौट भएका प्रस्तावदातासँग सम्झौता गर्न सम्बन्धित स्थानीय तह समक्ष सफारिस गर्ने। | मिति २०८२/०९/१७ गतेको कार्यपालिकाको निर्णय नं.-६ बमोजिम बजार भित्र स्थापना भएका भौतिक पूर्वाधार, बजारको लागि व्यवस्था भएको संरचना, जग्गा र फलफूलका बोट विरुवाहरुको सञ्चालन, संरक्षण तथा व्यवस्थापनको लागि अख्तियारी प्रदान गरीसकेकाले। |
| २ | परिच्छेद-४ मा विविध सम्बन्धि व्यवस्था रहेको | साविकको परिच्छेद-४ लाई परिच्छेद-५ मा राखे र परिच्छेद-४ मा हाटबजार सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था हुने। | स्थानीय उत्पादकद्वारा हाटबजार सञ्चालनका लागि माग भई आएको र हाटबजार सञ्चालन गर्न आवश्यक भएकाले । |

## परिच्छेद-४

## <u>हाटबजार सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्थामा उल्लेख गरीएका बुदाँहरु:</u>

थप गरीएको दफा-१ हाटबजार सञ्चालन सम्बन्धी व्यवस्था

(१) कृषि उपजको बिक्री वितरण, स्थानीय उत्पादनको प्रवर्द्धन तथा कृषक र उपभोक्ताबीच प्रत्यक्ष पहुँच स्थापना गर्ने उद्देश्यले बजार क्षेत्रमा हाटबजार सञ्चालन गर्न सकिनेछ।

(२) हाटबजार हप्ताको कम्तीमा एक दिन सञ्चालन गर्न सकिनेछ। हाटबजार सञ्चालन हुने दिन, समय र स्थान समितिले आवश्यकता अनुसार निर्धारण गर्नेछ।

(३). हाटबजार सञ्चालन तथा व्यवस्थापनको समग्र जिम्मेवारी कृषि बजार व्यवस्थापक तथा बजार सञ्चालन समितिको हुनेछ।

<u>थप गरीएको दफा-२ हाटबजार व्यवस्थापन तथा सेवा सुविधा</u>

(१) हाटबजार क्षेत्रको व्यवस्थापन, सरसफाइ, सुरक्षा, फोहोरमैला व्यवस्थापन, खानेपानी, शौचालय, पार्किङ तथा अन्य आधारभूत सेवा सुविधा उपलब्ध गराउने कार्य समितिले गर्नेछ।

(२) हाटबजार सञ्चालनलाई व्यवस्थित, सुरक्षित तथा मर्यादित बनाउन समितिले आवश्यक निर्देशिका, मापदण्ड तथा आचारसंहिता लागू गर्न सक्नेछ। यस्तो निर्देशिका, मापदण्ड तथा आचारसंहिता कार्यालय प्रमुख समक्ष पेस गरी स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

(३) हाटबजारमा बिक्री कक्ष, स्टल, स्थान वा अन्य सेवा उपयोग गरे बापत समितिले सेवा शुल्क, सरसफाइ शुल्क वा भाडा लिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम लिइने शुल्क नगरपालिकाको प्रचलित आर्थिक ऐन तथा स्वीकृत दररेट बमोजिम हुनेछ।

थप गरीएको दफा-३ अनुगमन तथा समन्वय

(१) हाटबजार सञ्चालनको अनुगमन तथा निरीक्षण नगरपालिका तथा सम्बन्धित वडा कार्यालयले गर्ने छ।

(२) अनुगमनका क्रममा प्राप्त सुझाव तथा निर्देशन समितिले कार्यान्वयन गर्नुपर्ने छ।

(३) हाटबजार सञ्चालनलाई प्रभावकारी बनाउन समिति, वडा कार्यालय तथा स्थानीय तहबीच आवश्यक समन्वय गरिनेछ।

**निर्णय नं. ८**

आ.व. २०८२/८३ को प्रदेश सशर्त अनुदान अन्तर्गत कृषि शाखाको स्वीकृत कार्यक्रम कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रमको लागि पाँचखाल नगरपालिकाको आर्थिक विकास समितिबाट कार्यपालिका समक्ष पेश भएका संलग्न अनुसूची बमोजिमको समूह/सहकारी/फर्मको प्रस्ताव छनौट गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

आ.व. २०८२/८३ को प्रदेश सशर्त अनुदान अन्तर्गत कृषि शाखाको स्वीकृत कार्यक्रम कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम, पाँचखाल-३ का लागि पाँचखाल नगरपालिकाको आर्थिक विकास समितिबाट कार्यपालिका समक्ष पेश भएका संलग्न अनुसूची बमोजिमको समूह/सहकारी/फर्मको प्रस्ताव छनौट गर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

पाँचखाल न.पा. आ.ब. २०८२/८३ को विभिन्न वडाको वडास्तरीय कृषि यन्त्र/उपकरण वितरण कार्यक्रम अन्तर्गत सम्बन्धीत वडा कार्यालयबाट प्रकाशन भएका सूचना बमोजिम संकलन भएका निवेदन उपर सम्बन्धीत वडा समितिबाट छनौट भएका कृषकहरुलाई वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

पाँचखाल नगरपालिकाको आ.व. २०८२/८३ को तेस्रो त्रैमासिक आय व्यय स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. १२**

प्राविधिक इष्टिमेट बमोजिम विपद व्यवस्थापन कोष खर्च शीर्षकबाट खर्च भुक्तानी हुने गरी पाँचखाल नगरपालिका वडा नं ८ स्थति जनता मा.वि.को कक्षाकोठा मर्मत सुधार गर्ने।

**निर्णय नं. १३**

प्राविधिक इष्टिमेट बमोजिम विपद व्यवस्थापन कोष शीर्षकबाट खर्च भुक्तानी हुने गरी पाँचखाल नगरपालिका वडा नं ८ स्थित ४९ किलो भंगेरी खानेपानीका लागि पूर्व विनियोजित रकममा नपुग भएको रकम थप गरी योजना कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. १४**

प्राविधिक इष्टिमेट बमोजिम पाँचखाल नगरपालिका वडा नं ४ स्थित खुला ब्यायामशालामा ब्लक बिच्छ्याउने कार्यको विपद व्यवस्थापन कोष शीर्षकबाट खर्च भुक्तानी हुने गरी सो योजना कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय प्रमाणित

**निर्णय नं. १५**

पाँचखाल नगरभित्रका जनतालाई व्यवस्थीत खानेपानीको उपलब्धतामा सहज गर्नको लागि सुनकोशी पाँचखाल खानेपानी उपभोक्ता समितिको खानेपानी बोर्ड गठन गर्ने र आवश्यक कार्यविधि निर्माण गर्न सुनकोशी पाँचखाल खानेपानी उपभोक्ता समितिलाई पत्राचार गर्ने निर्णय गरियो।

**निर्णय नं. १६(विविध)**

क) वित्तिय अनुशासन पूर्ण पालना गरी वित्तिय उत्तरदायित्व सक्षम, सवल रुपमा पालना गरी आर्थिक कारोबार संचालन गरेको परिणाम स्वरुप आ.व. २०८१/८२ को बेरुजु ०.१% कायम गराउन अहंम भुमिका निर्वाह गर्नु हुने यस पालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत राष्टसेवक कर्मचारीहरुलाई धन्यवाद दिने निर्णय गरियो।

ख) पाँचखाल नगरपालिका मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) कार्यविधि २०८२ को परिच्छेद २ दफा ४ मा व्यवस्था भए बमोजिम देहाय बमोजिम नगरस्तरीय मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) समिति गठन गर्ने, दफा ४ (४.१)(घ) प्रयोजनार्थ विद्यालयका प्रधानाध्यापक (९०) प्रयोजनार्थ युवा क्लवका (महिला) र पुरुष र नगरस्तरीय वाल स्जालका संयोजक

ग) पाँचखाल नगरपालिका राजश्व परामर्श समितिको सिफारिस बमोजिम न्यूनतम १८००००/- मा नघटाई प्रत्येक वर्ष १०% का दरले बृद्धी हुने गरी २ आ.व. का लागि विज्ञापन करको सूचना प्रकाशीत गर्ने निर्णय गरियो।

घ) प्रधानमन्त्री रोजगार कार्यक्रममा विनियोजित रकममा नपुग हुने रकम विपद व्यवस्थापन कोष शीर्षकबाट खर्च भुक्तानी हुने गरी केही परिमाणमा प्लाष्टिक र त्रिपाल खरिद गरी मौजादमा राख्न जिन्सी शाखालाई निर्देशन दिने निर्णय गरियो।

ङ) पा.न.पा. वडा नं ५ को स्वीकृत आकस्मिक योजना तथा कार्यक्रमबाट कोटदेवी महिला बहुउद्धेश्यीय सहकारीका लागि लाउड स्पिकर तथा म्याट खरिदका लागि सम्बन्धीत शीर्षकमा नपुग रकम रु.२५०००/- थप गरी विविध कार्यक्रम शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

च) नगरपालिका भित्रका पशुपालक कृषकहरुलाई पशुपंक्षीको उपचारमा प्रयोग हुने संलग्न अनुसूची बमोजिमको औषधी निशुल्क रुपमा वितरण गर्ने तथा उपकरणहरु निशुल्क रुपमा प्रयोग गर्न दिइने निर्णय गरियो।

छ) झिंगानादेवी प्रा.वि. र भविष्य उज्वल प्रा.वि. श्री जोरपाटी मा.वि.मा समायोजन भएका बखत सो विद्यालयबाट आएका विद्यार्थीहरुलाई पोशाक उपलब्ध गराए वापतको रु.५०,०००/- जोरपाटी मा.वि.लाई विविध कार्यक्रम खर्च शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

ज) पा.न.पा. वडा नं ११ स्थित स्कुल मुनि विचारीचौर बाटो प्राविधिक इष्टिमेट बमोजिमको रकम नगरस्तरीय आकस्मिक कोष शीर्षकबाट निर्माण कार्य कार्यान्वयन गर्ने निर्णय गरियो।

झ) सुनकोशी खानेपानीको प्राविधिक इष्टिमेटमा छुट ५०mm पाइप PN16 को पाइप प्राविधिक इष्टिमेट बमोजिमको रकम नगरस्तरीय आकस्मिक कोष शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

ञ) नगरपालिका परिसरको पार्किङ क्षेत्र व्यवस्थापनको लागि प्राविधिक इष्टिमेट बमोजिमको रकम नगरस्तरीय आकस्मिक कोष शीर्षकबाट खर्च भुक्तानी गर्ने निर्णय गरियो।

ट) मिति २०८२/९/१८ गतेको नगर सभाबाट स्वीकृत भएअनुसार वडा नं ५ स्थित कोटदेवी मन्दिरको वाल निर्माण शीर्षकमा विनियोजित रकम रु.१०००००/- लाई सोही मन्दिरको पूर्वाधार निर्माण शीर्षक कायम गरी नगरस्तरीय विपद् व्यवस्थापन कोष शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

ठ) पाँचखाल नगरपालिका वडा नं ८ होक्से खानेपानीको पम्प मर्मतको लागि प्राविधिक इष्टिमेट बमोजिमको रकम नगरस्तरीय आकस्मिक कोष शीर्षकबाट खर्च भुक्तानी गर्ने निर्णय गरियो।

ड) पाँचखाल नगरपालिका वडा नं ८ स्थित गौरुङटोल सडक ढलानको लागि प्राविधिक इष्टिमेट बमोजिमको रकम नगरस्तरीय आकस्मिक कोष शीर्षकबाट खर्च भुक्तानी गर्ने निर्णय गरियो।

ढ) आजाद मा.वि पाँचखाल १२ मा विभिन्न भौतिक संरचना निर्माणको लागि विद्यालयले तयार गरेको Detailed Project Report (DPR), Drawing design र लागत अनुमान स्वीकृत गरी DPR बमोजिमको संरचना निर्माणको लागि आवश्यक पर्ने बजेट मागका लागि विभिन्न निकायमा पत्राचार गर्ने निर्णय गरियो।

ण) पाँचखाल नगरपालिका उप प्रमुख सुर्यमाया दनुवारलाई कडा रोग अन्तर्गतको स्तन क्यान्सर भई उपचाररत रहनु भएकोले निजलाई उपचार गर्दा अस्पतालमा लागेको बिल बमोजिमको रकम अन्य व्यक्ती तथा संस्था सहायता शीर्षकबाट आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

*( बैठकमा प्रस्तुत एजेण्डाहरुमाथी कुनैपनि फरक मत नरहेको हुँदा सर्वसम्मत निर्णय गरिएको छ।)*

निर्णय प्रमाणित